ॐ



**श्री महेश्वर प्रसाद श्रेष्ठ**
**अध्यक्ष**
**लुम्बिनी बचत तथा ऋण स.सं.लि., बुटवल**

# सहकारी सन्देश

# २५ औं स्थापना दिवस

प्रदेश बचत तथा ऋण सहकारी संघ, लुम्बिनी प्रदेशका अध्यक्ष श्री कृष्ण प्रसाद नेपालको प्रमुख आतिथ्यमा २०७८ साल पुस १० गते लुम्बिनी बचत तथा ऋण सहकारी संस्था लि.बुटवलले सगौरव २५औं स्थापना दिवस मनाएको छ ।

यस संस्थाका ८० वर्ष पुगेका ११ जना जेष्ठ सदस्यहरूलाई उहाँहरूले यस संस्थाको गरिमा बढाउनु भएकोले सल, प्रमाण-पत्र र नगद पुरस्कारबाट सम्मान गरिएको थियो । यसै समारोहमा उत्कृष्ट बचतकर्ताहरू श्री तेजकुमारी अमात्य, संजय राज बस्याल, अमृतलाल श्रेष्ठ, स्वस्तिका अग्रहरी, संजय गैरे, सुन्दरलाल श्रेष्ठलाई र ऋण उपभोक्ता सदस्यहरू श्री सुनिल कृष्ण श्रेष्ठ, मानकुमारी श्रेष्ठ, कृष्ण ठकुरी, सूर्य प्रसाद रेग्मीलाई संस्थालाई प्राथमिकता दिई कारोबार गरी टेवा पुऱ्याउनु भएकोले सम्मान गरिएको थियो ।

शेयर सदस्य श्री तुल्सी प्रसाद रेग्मीकी छोरी ई. सारिका रेग्मीलाई इन्जिनियर उपाधि प्राप्त गर्न सफल भएकीले प्रोत्साहन स्वरूप प्रशंसा पत्र र नगद पुरस्कारबाट सम्मान गर्नुका साथै निम्न कर्मचारी र सहयोगीहरू कृष्ण खत्री, माया रेश्मी, राम बहादुर श्रेष्ठ, दया प्रकाश चौधरी, टोप बहादुर राना, सीता शर्मा पंगेनी, पूर्णकला गौतम र सञ्चारकर्मीहरूलाई सम्मान र पुरस्कृत गरिएको थियो ।

कोरोनाको कारणले स्थगित भएको लुम्बिनी साहित्य पुरस्कार-२०७८ यसै २५औं स्थापना दिवसको सुखद अवसरमा छत्रकोट गाउँपालिका, गुल्मी हाल शकंरनगर, रूपन्देही निवासी बालसाहित्यकार, नियात्राकार, लघुकथाकारका रूपमा सुपरिचित विगत तीन दशक देखि नेपाली भाषा र साहित्यका क्षेत्रमा विशिष्ट योगदान पुऱ्याउनु भएकोले निजको उच्च मूल्याङ्कन गर्दै श्री दुर्गा पौड्याललाई प्रदान गरिएको छ ।

संस्थाका व्यवस्थापक विनोद प्रताप राणाको सञ्चालन र संचालक तथा महिला उप-समितिका संयोजक सुजिता शेरचनको स्वागत भाषणबाट प्रारम्भ भएको समारोहमा राष्ट्रगान, लुम्बिनी संस्थाको गान, दिवङ्गत सहकारी कर्मीहरू प्रति श्रद्धा-सुमन अर्पण र विभिन्न अतिथि तथा शेयर सदस्यहरूले उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्नु भयो ।

प्रमुख अतिथि कृष्ण नेपालज्यूले यस संस्थाले आफ्नो शेयर सदस्यहरूको आर्थिक, सामाजिक तथा सांस्कृतिक उन्नयनमा टेवा पुऱ्याएको छ, बचत गर्न प्रोत्साहित गरेको छ, तालिम तथा प्रशिक्षण कार्यक्रम संचालन गरेर व्यावसायिक बनाएको छ, नेतृत्व विकास र महिला सशक्तीकरणमा टेवा पुऱ्याउनुका साथै रूपन्देही जिल्लामा बचत संघ स्थापना गर्नमा गहन भूमिका निर्वाह गरेको छ भनु भयो । साथै यस संस्थाले राष्ट्रिय सहकारी बैंक, नेफ्स्कूनका साथै समग्र सहकारी अभियानलाई सधै सहयोग र साथ दिएको प्रशंसनीय छ पनि भन्नुभयो ।

संस्थाका अध्यक्षले यो आ.व.२०७८।२०७९ पञ्चवर्ष योजना अन्तरगतको अन्तिम वर्ष भएकोले निर्धारित योजना अनुसार शेयर पूँजी २० करोड, बचत सङ्कलन १२० करोड, ऋण लगानी १२५ करोड र सदस्य संस्था ३५०० पुऱ्याउने लक्ष्य रहेको जानकारी दिनुभयो । संस्थागत पूँजी ९.५० करोड पुऱ्याउने लक्ष्य रहेकोमा १० करोड नाघिसकेको छ । पाँचवटा सेवा केन्द्र खोल्ने लक्ष्य रहेकोमा बु.उप.म.न.पा.को बेलबास र देवीनगरमा खोलिसकिएको र अब देवदहको भलुही, नयाँगाऊँ, फर्साटिकरमा सेवा केन्द्र विस्तार गरी कार्यक्षेत्र रूपन्देही जिल्ला भर भएकोले ६ वटै न.पा.हरू र गा.पा.हरूमा पनि विस्तार गर्दै जाने, सहकारीहरू सँग एकीकरण पनि गर्दै जाने छ भन्नु भयो ।

सहकारीहरूलाई उत्पादनमा जोड्ने राष्ट्रिय नीति अनुरूप नेपालमै प्रथम प्रयास गरि UHT प्रविधिबाट प्रशोधित दुग्ध र दुग्धबाट बन्ने नौनी, दही, मोही, घ्यू, चिज, आइसक्रिम इत्यादि उत्पादन गर्ने उद्देश्यले स्थापित लुम्बिनी विशिष्टिकृत सहकारी संघको एक करोडको शेयर खरिद गर्ने गरी सदस्यता लिएको छ । यसबाट यस प्रदेशकै पशुपालन, दाना उद्योग, दुग्ध व्यावसायी र उपभोक्ता समेत लाभान्वित भई राष्ट्रिय अर्थतन्त्रलाई नै टेवा पुऱ्याउने छ ।

हाम्रो पञ्चवर्षीय योजना अनुरूप भविष्यमा हाम्रो केन्द्रीय कार्यालयको लागि हालको स्थान अभाव हुने, पार्किङ्गको समस्या हुने तथा सहकारी शिक्षा, विभिन्न तालिमहरू निरन्तर सञ्चालन हुने तथा अन्य सहकारीहरूलाई पनि आवासीय तालिम सञ्चालन गर्न उपयुक्त र अत्याधुनिक सुविधायुक्त तालिमकेन्द्र स्थापना गर्नका लागि बुटवलबाट करिब ८ किलोमिटरको दूरीमा हिरापुर, शुद्धोधन गा.वि.स.मा दशकट्टा जग्गा खरीद भैसकेको र कम्पाउण्ड वाल निर्माण भैरहेको र अब हामी नीति, विधि र प्रविधिको अनुरूप अग्रसर हुने भन्नुभयो । सहकारीको सबैभन्दा सबल पक्ष भनेको आफ्ना सदस्यहरू भएकाले सबै सदस्यहरूको साथ र सहयोग अपरिहार्य रहन्छ । 'एकका लागि सबै र सबैका लागि एक' भन्ने भावनालाई सदा हृदयङ्गम गरौं, इमान्दर बनौं, सकारात्मक सोंच राखौं, संस्थालाई माया गरौं भन्दै अध्यक्षज्यूले सभा विसर्जन गर्नु भयो ।

सबै उपस्थित महानुभावहरू अतिथिहरू, सदस्यहरू र प्रमुख अतिथिलाई संचालक डा. द्वारिका प्रसाद प्रधानले धन्यवाद ज्ञापन गर्नुभयो ।

जय सहकारी !!!

# लुम्बिनी बचत तथा ऋण सहकारी संस्था लि.

## बुटवल-४, राममन्दिर लाईनको आर्थिक झलक:

**संस्थाको आर्थिक कारोवार २०७८ पौष २४ गते सम्म**

१) संस्थाले कारोबार सुरु गरेको बर्ष :- २०५४/०९/१०, दर्ता नं.१३१/१३९/०५४/०५५, मिति : २०५४/०५/१६

२) सदस्य संख्या :- महिला १४४९, पुरूष १४६९, संस्थागत सदस्य ५२, जम्मा सदस्य संख्या २९७०

३) कारोबार :- बचत संकलन तथा ऋण लगानी

४) शेयर पूँजी :- १८,९४,५०,३००।-

५) संस्थागत पूँजी :- १०,३८,२९,३८६।४०

६) बचत संकलन :- १,४७,४०,७७,८०४।४१

७) बचत फिर्ता:- ३७,००,८५,३६०।३१

८) बचत मौज्दात :- १,१०,३९,९२,४४४।१०

९) कर्जा लगानी :- ८७,८०,०८,७९३।७३

१०) कर्जा असुली :- १०,१८,१२,२४४।४३

११) कर्जा मौज्दात :- ७७,६१,९६,५४९।३०

१२) कोष हिसाव :- ३,५७,८८,७८६।५८

१३) लगानी :- ४६,४६,५७,५५०।११

**लुम्बिनी साकोस गान**

जय जय हाम्रो प्यारो लुम्बिनी बचत तथा ऋण सहकारी
हितकारी यो आपद्विपद्मा सेवा गर्ने उपकारी ।

आर्थिक सामाजिक साँस्कृतिक तीन नदीको संगम यो
सहयोगी भै सहकार्यमा नै रम्ने पावन धाम हो यो
थोपा थोपा सञ्चित गरेर घैला भरेर अर्पन्छ
बचत गरौं अनि बचतलाई गरौं सदुपयोग यही भन्छ
जय जय हाम्रो प्यारो लुम्बिनी बचत तथा ऋण सहकारी ।

स्वेच्छिक खुल्ला सदस्यता र सदस्यद्वारा नियन्त्रित यो
तालिम शिक्षा सुविधा दिएर गर्ने निरन्तर सूचित यो
स्वायत्तता र स्वतन्त्रताको पहरेदार यो सहचारी
समुदायमा नै चासो राख्ने लुम्बिनी हाम्रो सहकारी
जय जय हाम्रो प्यारो लुम्बिनी बचत तथा ऋण सहकारी ।

**१४) व्याजदर** :- (क) निक्षेपहरुमा दिने ६.००% – १०.००% (ख) कर्जामा लिने १२.००% - १३.००% सम्म

**१५) कार्यक्षेत्र** :- रुपन्देही जिल्लाभर ।

**१६) तालिम** :-

(क) संस्थाका पदाधिकारी ज्यूहरुलाई डिभिजन सहकारी कार्यालय तथा संघ संस्थाले आयोजना गरेको सहकारी तालिममा सहभागी गराएको ।

(ख) कर्मचारीहरुलाई विभिन्न सहकारी तालिमहरुमा सहभागी गराएको ।

(ग) बेलवास सेवा केन्द्रमा व्यवसायीक तालिम केन्द्र स्थापना गरी बुटिक तालिम सदस्यहरुलाई दिईएको र हाल सिलाई कटाई तालिम भईरहेको छ ।

१७) प्राथमिक उपचार केन्द्रको आफ्नै संस्थामा संचालन भईरहेको छ ।
ॐ ज्ञान ज्योति, द्वैमासिक पत्रिकामा ३९ औं अंङ्क देखि नियमित रुपमा यस संस्थाका गतिविधिहरु प्रकाशित गर्न सहकार्य गरेको ।

**१८) सामाजिक कार्यहरु** :-

(क) वृद्धाश्रम, कुष्ठरोग प्रभावित कल्याण संस्था, बाल आश्रम र मानव सेवा आश्रम लाई सहयोग ।

(ख) नव जागृति पुस्तकालयलाई सहकारी पुस्तकहरु प्रदान गरिएको ।

(ग) स्वस्थ्य शिविर संचालन गरिएको ।

(घ) वृद्धाश्रम हातामा वृक्षारोपण गरेको तथा उद्यान निर्माण ।

(ङ) रक्तदान गरेको तथा १५ जना असहायहरुका लागि आर्थिक सहयोग प्रदान गरेको (रक्तसञ्चार केन्द्र मार्फत) । यस संस्थाको २५ औं स्थापना दिवसको उपलक्ष्यमा २५ पिन्ट रक्तदान तथा ३८ जनाको निशुल्क मधुमेह तथा किटिनाईन परीक्षण गरेको ।

(च) सहकारी साहित्य गोष्ठी गरेको । श्री नव जागृति पुस्तकालय परिसरमा उद्यान निर्माण ।

(छ) कक्षा १२ मा **A+** ल्याई उत्तिर्ण हुने शेयर सदस्यका छात्र, छात्राहरुलाई दोसल्ला तथा प्रमाण-पत्र, पुरस्कार नगद सहीत सम्मान गर्ने शेयर सदस्यका एकाघर परिवारमा डाक्टर, इन्जीनियर, Mphil, CA आदि उपाधी प्राप्त गरेकालाई सम्मान गर्ने ।

(ज) युवा जनशक्ति र सहकारी –विषयक गोष्ठी । नेतृत्व विकास तालिम ।

(झ) महिला स्वास्थ्य सचेतना कार्यक्रम गरेको । सहकारी शिक्षा तालिम ।

**हाम्रो गतिविधि**
**Web Site:**
**www.Lumbinicop.com.np मा**
**हेर्न सक्नु हुन्छ ।**

**१९) संस्थाले प्रदान गर्ने सेवा तथा भौतिक संरचना** -

(क) संस्थाको आफ्नै भवन ।


(ख) प्राथमिक उपचार सेवा/दुर्घटना वीमा रु. तीन लाखको ।
दिवङ्गत सदस्यका आश्रितलाई राहत रकम प्रदान ।

(ग) लेखाहरु सबै कम्प्यूटरबाट ।

(घ) देश विदेशबाट पठाएको रकम तुरुन्त झिक्न र ट्रान्सफरको सुविधा ।

(ङ) लुम्बिनी स्मार्ट एप्सबाट TopUp Services, Utilities Payment, Esewa Wallet, FonePay, Bank Fund Transfer, Internal Fund Transfer, Flight, Insurance Premium आफ्नो शेयर, बचत र ऋण खाताको व्यालेन्स हेर्न चौबिसै घण्टा सुविधा भएको ।

(च) लुम्बिनी ल्याव सेवा केन्द्रबाट रक्त परीक्षण दैनिक बिहान ७ देखि २ बजे सम्म । (शनिबार बन्द)



लुम्बिनी बचत तथा ऋण सहकारी संस्था लिमिटेड
LUMBINI SAVING & CREDIT CO-OPERATIVE CO. LTD.
राममन्दिर लाईन, बुटवल-६ रुपन्देही नेपाल

**२०) सेवा केन्द्रहरु :**

(क) बेलवास सेवा केन्द्र, बुटवल-१३, बेलवास ।

(ख) देवीनगर सेवा केन्द्र, बुटवल-११, श्रेष्ठपथ ।

"बचत गरौ बचतको सदुपयोग गरौं "
"सहकारीताबाट सम्पन्नता हाम्रो प्रतिबद्धता"

# लुम्बिनी साकोस बुटवललाई फोटोबाट नियाल्दा




२५ औं स्थापना दिवसमा उद्घाटन कार्यक्रम ।




२५ औं स्थापना दिवसमा लुम्बिनी साहित्य पुरस्कार-२०७८ बाट वरिष्ठ साहित्यकार श्री दुर्गा पौडेललाई सम्मान ।



२५ औं स्थापना दिवसमा उत्कृष्ट सम्पूर्ण बचत योजनामा सहभागी सदस्य श्री अमृत लाल श्रेष्ठलाई सम्मान ।



२५ औं स्थापना दिवसमा उत्कृष्ट ऋण उपभोक्ता सदस्य श्री मान कुमारी श्रेष्ठलाई सम्मान ।



२५ औं स्थापना दिवसमा उत्कृष्ट बचत कर्ता सदस्य श्री संजय राज बस्याललाई सम्मान ।



२५ औं स्थापना दिवसमा उत्कृष्ट बाल बचत कर्ता सदस्य श्री संजना गैरेलाई सम्मान ।




२५ औं स्थापना दिवसमा उत्कृष्ट संचारकर्मी रेडियो मुक्ति एफएमका श्री निरु थापालाई सम्मान ।




२५ औं स्थापना दिवसमा सबै भन्दा कम विदा बस्ने उत्कृष्ट कर्मचारी श्री सीता शर्मा पंगेनीलाई सम्मान ।

# लुम्बिनी साकोस बुटवललाई फोटोबाट नियाल्दा



२५ औं स्थापना दिवसमा प्रधान कार्यालयका ऋण उपभोक्ता सदस्य श्री कृष्ण ठकुरीलाई सम्मान ।



२५ औं स्थापना दिवसमा बेलवास सेवा केन्द्रका ऋण उपभोक्ता सदस्य श्री सूर्य प्रसाद रेग्मीलाई सम्मान ।



२५ औं स्थापना दिवसमा
जेष्ठ नागरिक सदस्यज्यूहरुलाई सम्मान ।



लुम्बिनी साकोस बुटवलको देवीनगर सेवा केन्द्रमा श्री लक्ष्मी श्रेष्ठको संयोजकमा महिला उप-समिति गठन ।



२५ औं स्थापना दिवसमा उद्योग वाणिज्य संघका अध्यक्ष श्री उज्ज्ल प्रसाद कसजूलाई मायाँको चिनो प्रदान ।



२५ औं स्थापना दिवसमा प्रदेश बचत तथा ऋण सहकारी संघका अध्यक्ष श्री कृष्ण नेपाललाई मायाँको चिनो प्रदान ।



हाम्रा दिवङ्गत शेयर सदस्य श्री पशुपती पौडेलका पत्नी सुशिला पौडेललाई सगरमाथा इन्स्योरेन्सबाट रु.३०००००।- बीमा रकम प्रदान ।



हाम्रा दिवङ्गत शेयर सदस्य श्री शिव नारायण चौधरीको परिवारलाई हार्दिक समवेदना तथा सदस्य राहत विरतण ।

# लुम्बिनी  साकोस बुटवललाई फोटोबाट नियाल्दा




देवीनगर सेवा केन्द्रको शुभरम्भ कार्यक्रमको झलक ।



देवीनगर सेवा केन्द्रको शुभरम्भ कार्यक्रमको झलक ।




देवीनगर सेवा केन्द्रको शुभरम्भ कार्यक्रमको झलक ।




देवीनगर सेवा केन्द्रको शुभरम्भ कार्यक्रमको झलक ।



देवीनगर सेवा केन्द्रको शुभरम्भ कार्यक्रमको झलक ।



देवीनगर सेवा केन्द्रको शुभरम्भ कार्यक्रमको झलक ।




देवीनगर सेवा केन्द्रको शुभरम्भ कार्यक्रमको झलक ।




साकोस अभियानमा प्रदेश संघको भूमिका
अन्तरक्रिया कार्यक्रम ।